# बगर खेति कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७९

स्वीकृत मिति: २०७९।११।२

चौविसे गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३६ ले दिंएको अधिका बमोजिम चौबिसे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**-(१) यों कार्यविधिको नाम "बगर खेति कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७ हुनेछ ।

(२) यो कार्यविधि चौविसे गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि , -

(क) "गाउँपालिका" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चौविसे गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले गाउँपालिका प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले गाउँपालिका उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु प

(च) "कृषि विकास शाखा" भन्नाले चौविसे गाउँपालिका कृषि विकास शाखा लाई सम्झनुपर्छ ।

(छ) "शाखा प्रमुख" भन्नाले चौविसे गाउँपालिकाको कृषि विकास शाखाको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको कर्मचारी संम्झनु पर्छ ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले १ नं. प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "कृषि" शव्दले वाली, बागवानी, व्यवसायिक कीट आदिका उप-क्षेत्रसंग संम्बन्धित उत्पादन, प्र उद्योग एवं व्यवसायीलाई सम्झनु पर्छ ।

(ट) "कृषि" सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विषदी, जैवीक पदार्थ हार्मोन, कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/ वस्तुलाई सम्झनु पर्छ ।

(ठ) "बगर खेती कार्यक्रम" भन्नाले नदी/खोला किनारका खेर गैरहेका बगरमा संचालन गरीने त खेती/उत्पादन तथा विक्री वितरण भन्ने सम्झनु पर्छ ।

(ड) "बगर खेती" भन्नाले नदी खोला किनारको उकास जमीन सम्झनु पर्छ ।

(ढ) "तरकारी खेती" भन्नाले नदी खोला किनारका बगरहरुमा लगाईने तरकारी बालीहरु जस्तै लौका, घिरौला, फर्सी, काँक्रा, जुकीनी, तरबुजा, खरभुजा, परवल, करेला तथा अन्य लहरे तरकारी बालीको खेती सम्झनु पर्छ।

(ण) "समूह" भन्नाले व्यावसायिक रुपमा कृषि पेशा गर्नेका लागि गठित १० देखि २५ जना भई दर्ता भई रहेको कृषकहरूको समूहलाई बुझाउँदछ।

(त) "घुम्ती कोष अनुदान" भन्नाले समूह/सहकारी/टोल विकास संस्था समितिमार्फत् प्रदान गरिने अनुदानलाई सो मा आवद्ध सदस्यहरू बीच पालोपालो रकम/चौपायालाई पुर्याउनु भन्ने बुझ्नुपर्छ।

(थ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम गठित सहकारीलाई सम्झनु पर्छ।

(द) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्बन्धित साझेदारीलाई चौबिसे गाउँपालिकाबाट प्रदान गरिने रकमलाई सम्झनु पर्छ।

(ध) "प्रस्तावक" भन्नाले कार्यक्रम बमोजिम प्रस्ताव पेश गर्ने योग्य रहेका कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी / सम्झनु पर्छ।

(न) "अनुगमन" भन्नाले कार्यक्रमको लागि स्थलगत रुपमा निरीक्षण गर्न खटिएका कर्मचारी वा जनप्रतिनिधि सम्झनु पर्छ।

(प) "कार्यक्रम" भन्नाले बगर खेती कार्यक्रम सम्झनु पर्छ।

(फ) "साझेदार" भन्नाले लागत सहभागिता बगर खेती कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित कार्यालयसँग द्विपक्षीय सम्झौता भएकालाई सम्झनु पर्छ।

## परिच्छेद २
## बगर खेती अनुदान समुहका ५० प्रतिशत कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था

**३. बगर खेती अनुदान समुहका ५० प्रतिशत कार्यक्रम सञ्चालन :**

(१) नदी खोला किनारको बलौट उकास जग्गाको सदुपयोग गरी तरकारी उत्पादन र उत्पादकत्व गर्ने।

(२) न्युन आय भएका युवा, कृषकहरूलाई रोजगारीको अवसरहरू श्रजना गर्न।

(३) भुमिहीन र न्युन आय भएका कृषक परिवारको आयस्तरमा सुधार पुर्याउनेछ।

**४. कार्यक्रम सञ्चालन प्रकृयाः**

(१) कार्यक्रम सञ्चालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस प्रस्तावना बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन प्रस्तावनामा उल्लेख भएका निकायले गर्नेछ।

(२) सम्बन्धित ज्ञान केन्द्रले बगरखेती कार्यक्रम कार्यन्वयनका लागि क्लस्टर छनौट गरी कृषि फार्म, कृषि कम्पनी, कृषक समुह तथा सहकारीलाई जानकारी गराई कार्यक्रम कार्यन्वयनका लागि परिचालन गनुपर्नेछ।

(३) छनौट गरीएका कृषि फर्म, कृषि कम्पनी, कृषक समुह तथा सहकारीसंग अनुसुची १ मा उल्लेखत भएको ढाँचामा सम्झौता गरी स्वीकृत कार्यक्रम कार्यन्वयनका लागि परिचालन गर्नुपर्नेछ।

(४) यस कार्यक्रम अन्तर्गत बगर खेतीको लागि कृषि विकास शाखाबाट अनुगमन गरी सिफारिश पश्चात मात्र पालिकाले कृषि फार्म, कृषि कम्पनी, कृषक समुह तथा सहकारीको बैंक खातामा रकम भुक्तानी गर्नेछ।

(५) विगत वर्षदेखि बगरमा तरकारी खेति गर्दै तथा पहिलो पटक वगरमा तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समुह तथा कृषक सहकारी यस कार्यक्रममा संलग्न हुन सक्नेछन तथा दुवैको हकमा ६५ रोपनिको क्लष्टरमा बगर खेती गरिएको हुनुपर्नेछ।

(६) छनौट गरिएका क्लष्टरलाई आवश्यकता र मागको आधारमा यस कार्यक्रम मार्फत तालिका १ अनुसार प्रति क्लष्टर बढिमा एक लाख तीस हजार अनुदान रकम उपलब्ध गराइनेछ । छनौट गरिएका क्लष्टरले उत्पादन सामाग्रीहरू खरिद गरि कार्य प्रारम्भ गर्नु पर्नेछ र वगरमा वाली स्थापित भएपछि कार्य सम्पादनको आधारमा बढिमा ५० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

तालिका १ अनुदान प्रवाह सम्बन्धि विवरण

| क्र. स. | विवरण |
|---|---|
| १ | तरकारी विउ वितरण |
| २ | बगर खेती व्यवस्थापन सामाग्री सहयोग |
| ३ | वजार व्यवस्थापन सामाग्री सहयोग |
| ४ | रासायनिक विषाधि वाहेकका अन्य वैकल्पिक वाली संरक्षणका लागि सहयोग |
| ५ | विषाधि प्रयोग गर्ने उपकरण सहयोग |
| ६ | तरकारी वालीको लागि स्थानिबस्तरका उपलव्ध सामाग्रीवाट अस्थायी घेरावाट तथा छापो : |
| ७ | वजारीकरणको लागि प्रति विघा नगद रू ५००० । |
| ८ | वगर जग्ग करार वा भाडाका लिने (आवश्यक भएमा) प्रति क्लष्टर रू १०,००० । |

(६) कार्यक्रम संयोजकले फिल्ड अनुगमन गरी सकेपछि अनुगमन प्रतिवेदनका आधारमा सम्झौता अनुसार सम्पादित क्रियाकलापको लागि वाँकी अनुदान रकम भुक्तानी गरिनेछ ।

(७) यस कार्यक्रम अन्तर्गत भएका कृषक समुहले बसन्ते तरकारी वालीहरू जस्तै : लौका, धिरौला, फर्सी, जुकिना, काँक्रो, खरभुजा, करेला, तथा अन्य लहरे तरकारी वालीमा खेती गर्नुपर्नेछ

(८) समुहले गर्नुपर्ने काम :

क. उक्त समुहले आफ्नो समुहको विधान तयार गर्नुपर्ने छ र बगर खेती अनुदानको लागि उल्लेख गर्नुपर्नेछ ।

ख. समुहको मासिक बैठक बसी हिसाबकिताब पारदर्शी हुनुपर्दछ ।

ग. सो समुहले बगर खेती अनुदानबापतको रकम मास्न पाउने छैन ।

घ. समुहले लागत साझेदारी प्रतिबद्धता जनाउनु पर्दछ ।

ङ. सो बगर खेती अनुदानलाई निरन्तरता दिनुपर्ने वार्षिक आम्दानी र बचत बढाउँदै लैजानुपर्ने हुन्छ ।

च. सो समुहले तरकरी खेती प्रविधि विस्तार गरी व्यावसायिक तरकारीको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिनुपर्नेछ ।

**५. प्रस्ताव आव्हान र पेश गर्ने विधि** (१) : सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार १५ दिने सार्वजनिक सूचना अथवा समुहलाई साझेदारीमा संञ्चालनका लागी ***अनुसुची १*** बमोजिम कार्यालयले प्रस्ताव आव्हानको सूचना सम्बन्धित कार्यलयको सूचना पाटीमा अनिवार्य रुपले टाँस गर्नु पर्नेछ।

(२)सूचनामा उल्लेख भए मुताविकको इच्छुक साझेदारहरुले निर्धारित समयभित्र ***अनुसूची २*** बमोजिमको प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।

(३)संक्षिप्त व्यावसायिक कार्ययोजना ***अनुसूची ३*** बमोजिमको पेश गर्नुपर्नेछ ।

(४) ***अनुसूची ४*** बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धतापत्र पेश गर्नुपर्नेछ ।

(६)कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्दा कुल बजेट घटी भएको अवस्थामा संक्षिप्त व्यावसायिक कार्ययोजना र लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्ने छैन ।

(७)सम्बन्धित निकायमा दर्ता नभएको संस्थालाई कार्यक्रममा समावेश गरिने छैन ।

(८) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

[illegible]. **प्रस्ताव छनौट**(१): रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन

(२) रीतपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौटका लागि ***अनुसूची ५*** बमोजिम प्रस्ताव मूल्याङ्कन फाराम भर्न सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

(३) स्थलगत प्रमाणीकरण मूल्याङ्कन फारम ***अनुसूची ६*** बमोजिम हुनेछ ।

(४) स्थलगत फिल्ड भेरिफिकेसन गरी प्रस्ताव मूल्याङ्कन फाराम र स्थलगत प्रमाणीकरण मूल्याङ्कन फारमको औसत प्राप्ताङ्कको आधारमा उक्त कागजात कार्यपालिकामा पेश गरी टुङ्गो लगाई नतिजा प्रकाशन गर्नेछ ।

(५) कृषि विकास शाखाले सबै सिफारिशसाथ आएका प्रस्तावकलाई प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गरी सम्झौताको लागि निर्णय गराई प्रस्तावकसँग ***अनुसूची ७*** बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावनामा उल्लेख गरेको कार्यहरु सम्पन्न गर्नका लागि द्विपक्षीय सम्झौता गर्नेछ ।

[illegible]. **भुक्तानी प्रकृया** (१): कार्ययोजनामा उल्लेख गरिएको कार्यहरु सम्पन्न गरी सोही बमोजिमको बिल भर्पाईहरु पेश गर्नु पर्नेछ अन्यथा उल्लेखित कार्य बाहेकको कामको लागि भुक्तानी गरिने छैन ।

(२) छनौट गरिएका क्लष्टरलाई आवश्यकता र मागको आधारमा यस कार्यक्रम मार्फत् तालिका १ अनुसार प्रति क्लष्टर बढिमा एक लाख तीस हजार अनुदान रकम उपलब्ध गराइनेछ । छनौट गरिएका क्लष्टरले उत्पादन सामाग्रीहरू खरिद गरि कार्य प्रारम्भ गर्नु पर्नेछ र वगरमा वाली स्थापित भएपछि कार्य सम्पादनको आधारमा बढिमा ५० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

(३) भुक्तानीको लागि निम्न किसिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क ) भुक्तानीको लागि लिखित निवेदन

ख) कार्य सम्पन्न भएको वडा तथा शाखाको सिफारिशपत्र

ग ) रकम भुक्तनी गरिने बैंक खाताको विवरण

घ) बील बीज़कहरुको सक्कल प्रति

ङ) द्विपक्षीय सम्झौतापत्रको प्रतिलिपि ।

(४) भुक्तानी दिँदा १.५ % टि.डि.एस कट्टी गरी भुक्तानी दिने तर १३ % भ्याट रकमको हकमा रकम दाखिला गरेको भौचर पेश गरेको खण्डमा मात्र भ्याट बिलको रकम भुक्तानी दिईनेछ ।

[illegible]. **अनुगमन र मूल्याङ्कन :** (१) आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाबाट र भुक्तानी प्रयोजनका लागि सम्बन्धित शाखा र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदानप्राप्त रकम , कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

## परिच्छेद -३
## विविध

**आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा ,लेखाङ्कन र लेखा परीक्षण आर्थिक ऐन २०५५ ,आर्थिक कार्यविधि नियमावली २०६४ ,सार्वजनिक खरिंद ऐन २०६३ तथा ,सार्वजनिक खरिद नियमावली २०६४ तथा स्थानीय सरकारका प्रचलित ऐन नियम र कानून ,बमोजिम हुनेछ।

**कारवाहीको व्यवस्थाः** सम्झौता बमोजिम अनुदान रकमको सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही हुनेछ।

**प्रचलित कानुन लागु हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुनको व्यवस्था लागू हुनेछ।

**बाधा अड्काउ फुकाउने (खारेजी एवम् संशोधन) :**

(क) प्रस्तावना कार्यान्वयनका सन्दर्भमा पालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) प्रस्तावना कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा पालिकाको निर्णय अन्तिम हुनेछ ।

(ग) प्रस्तावनालाई आवश्यकताअनुसार पालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

### (नियम ३ को उपनियम १ सँग सम्बन्धित)

### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति ..............

चौबिसे गाउँपालिकाको **बगर खेती कार्यक्रम** सञ्चालनार्थ यसै कार्यक्रम कार्यन्वयनका लागि स्वीकृत प्रस्तावना बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक कम्तिमा कृषक समुहले बगर खेती गरिरहेका तथा पहिलो पटक बगर खेती गर्न इच्छुक गठन भएका समुहले ,कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औँ दिनसम्म कार्यालय समयभित्र कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरासमेत जानकारी गराइन्छ।

| क्र.स | कार्यक्रमहरु | संख्या | कुल अनुदान | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | **बगर खेती कार्यक्रम** | १ | | | बढ़ीमा ५० प्रतिशतमा । |

प्रस्तावपत्रको साथ सम्मिलित हुनुपर्ने कागजातहरु(

सहकार्यको लागि रु १० को हुलाक टिकट टाँस गरेको निवेदन ।

- क. संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- ख. संस्था/समुह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।
- ग. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- घ. नेपाली नागरिकतमको प्रमाणपत्र प्रतिलिपि।
- ङ. सहकारी संस्था को हकमा गतं आ.व. शको लेखापरीक्षणको प्रमाणित प्रतिलिपि।
- च. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- छ. कार्यक्रमको लागि लागत सहभागिता खुलेको प्रस्ताव ।
- ज. जग्गा भाडामा लिएर खेती गर्नेको हकमा न्युनतम पाँच वर्षका लागि जग्गा भाडामा लिएमो करारनामा ।
- झ. स्थानिय तह कृषि शाखाको सिफारिश ।
- ञ. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएमो र नलिएको र नलिने स्व:घोषणा पत्र पेश गर्नु पर्ने छ ।

अनुसूची – २
(नियम ३ को उपनियम २ सँग सम्बन्धित)
प्रस्ताव आवेदन

श्रीमान कार्यालय प्रमुख ज्यू
चौबिसे गाउँकार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

**विषय : प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

ताहाँ कार्यालयको मिति २०..../ गतेको प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छुं

प्रस्तावित कार्यक्रमको नाम : **बगर खेती कार्यक्रम**

कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगाना :
प्रस्तावकको नाम र थर :
स्थायी ठेगाना :
सम्पर्क नं.
संलग्न कागजातहरुको सूची

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

निवेदकको
दस्तखत

मिति :

## अनुसूची–३
(नियम ३ को उपनियम ३ सँग सम्बन्धित)
व्यावसायिक कार्य योजना

१. आवेदकको सामान्य जानकारी

| बगर खेती कार्यक्रम | |
|---|---|
| प्रस्तावित संस्थाको नाम | |
| पत्राचारको लागि ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| भ्याट पान दर्ता नम्बर | |
| टेलिफोन \मोबाईल नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको टेलिफोन मोबाइल नं. | |
| प्रस्तावित कार्यक्रम कार्यान्वयन हुने स्थान | |
| प्रस्तावित योजना कार्यान्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरु | |
| सडक छ \छैन | |
| पक्की\ कच्ची | |
| नजिकको बजारको नाम र दूरी | |
| बिजुली छ\ छैन | |
| पानीको व्यवस्था छ\ छैन | |
| अन्य पूर्वाधारको व्यवस्था | |

२. प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत विवरण

| क्र.सं. | मुख्यमुख्य कृयाकलाप | अनुमानित लागत रकम रु | माग गरिएको अनुदान रकम रु. | आवेदकको योगदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल जम्मा | | | | |

नोटः आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेश गर्न पाइने छैन ।

| प्रस्तावक स्थानीय निकाय सहकारी संस्था व्यावसायिक संस्था फर्म कम्पनी उद्यमीको जिम्मेवारी पदाधिकारीको | |
|---|---|
| नाम | |
| प्रद | |
| हस्ताक्षर | |
| मिति | |
| कार्यालय/संस्था/फर्मको छाप | |

चौबिसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

राज कुमार लिम्बु अध्यक्ष

अनुसूची -४

(नियम ३ को उपनियम ४ सँग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र**

चौबिसे गाउँपालिका वडा न. को मिति २०.................. र गते प्रकाशित सूचना अनुसार चौबिसे गाउँपालिका वार्ड न. ..........गाउँ टोल .....................बस्ने श्री ...................................ले लागत साझेदारीमा कार्यक्रम सञ्चालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु........................ को ...........प्रतिशतले हुन आउने रु ..............अक्षरेपी ..................................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु

निवेदकको

दस्तखत

नाम

पद

सस्था

मिति

सस्थाको छाप

## अनुसूची –५
### (नियम ४ को उपनियम २ सँग सम्बन्धित)
### सम्बन्धित प्रस्ताव मूल्याङ्कन फारम

| क्र स | मूल्याङ्कनका आधारहरु | भार प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आवेदक सम्बन्धी | | |
| १.१ | सस्थाको उमेर तर व्यक्तिको हकमा काम अनुभव | १० | |
| | ३ वर्ष भन्दा घटी | २ | |
| | ३ दखि ५ वर्ष | ४ | |
| | ६ देखि ८ वर्ष | ६ | |
| | ९ देखि ११ वर्ष | ८ | |
| | १२ वर्ष भन्दा बढी | १० | |
| १.२ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १५ | |
| | सडक सुविधा भएको | २ | |
| | पक्की सडक भएको | २ | |
| | बिजुलीको सुविधा भएको | २ | |
| | खानेपानीको सुविधा भएको | २ | |
| | जग्गामा आफनै स्वामित्व भएको | २ | |
| | आफनै स्वामित्वको भवन सवारी साधन यन्त्र उपकरण भएको | ५ | |
| १.३ | प्राविधिक दक्षता वा सम्बन्धित विषयको तालिम सस्थाक हकमा स्थायी कामदारको दक्षता | १० | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ७ देखि ११ दिने अवधिको तालिम | ४ | |
| १.३.३ | १६ देखि ३० दिने अवधिको तालिम | ६ | |
| १.३.४ | १ देखि ३ महिना अवधिको तालिम | ८ | |
| १.३.५ | ३ महिना भन्दा बंढी अवधिको तालिम | १० | |
| १.४. | वित्तीय क्षमता | ४ | |
| १.४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकायबाट पनि साझेदारी प्रतिबद्धता भएको | २ | |
| १.५. | प्रत्यक्ष लाभान्वित सख्या | ५ | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखि १० जना सम्म | २ | |
| १.५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखि २० जना सम्म | ४ | |
| १.५.५ | २१ जना भन्दा बढी | ५ | |
| १.६ | अप्रत्यक्ष लाभान्वित सख्या | १० | |
| १.६. | ५० जना सम्म | २ | |
| १.६. | ५१ देखि १०० जना सम्म | ४ | |
| १.६. | १०१ देखि १५० जना सम्म | ६ | |
| १.६. | १५१ देखि २०० जना सम्म | ८ | |
| १.६. | २०१ भन्दा बढी | १० | |
| १.७ | वातावरणीय उपयुक्तता | ६ | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको प्रभाव आँकलन गरिएको | ३ | |

| | | | |
|---|---|---|---|
| १.७.२ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु सामेल गरिएको | ३ | |
| १.८ | अन्य पक्षहरु | १५ | |
| १.८.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम बीच तालमेल गरिएको | ५ | |
| १.८.२ | सस्थाको अवस्थिति र प्रस्तावित कार्यक्रम सञ्चालन स्थलबीच तादात्म्यता | ५ | |
| १.८.३ | थप रोजगारी सृजना सख्या | ५ | |
| १.९ | स्वीकृत कार्यविधिका थप आधारहरु | २५ | |
| १.९.१ | आवेदक सस्थाको किसिम र सूचना मुताविक सम्बन्धित कार्यालयको प्राथमिकता मेल खाने | ५ | |
| १.९.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| १.९.३ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| १.९.४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |
| १.९.५ | पेश भएका विवरणहरुको विश्वसनीयता | ५ | |
| | जम्मा | १०० | |

नोटः प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार बुँदा नं. ९.१ का उपआधारहरु परिमार्जन वा थपघट गरी सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

## अनुसूची– ६
### (नियम ४ को उपनियम ३ सँग सम्बन्धित)
### स्थलगत प्रमाणीकरण मूल्याङ्कन फारम

क. सामान्य जानकारी
१. जिल्लाः
२. आवेदकको नामः
३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
४. प्रस्तावित कार्यक्रमको नामः
५. स्थलगत प्रमाणीकरण मितिः
६. स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरण

| क्रस | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

ख आवेदकको मूल्याङ्कन

| क्रस. | विवरण | प्रमाणीकरणमा भेटिएका अवस्था र प्रमाण | प्राप्ताङ्क |
|---|---|---|---|
| | | ३० | |
| १ | **भौतिक क्षमता** | | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ\ छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न पर्याप्त जग्गा छ \छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ \छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्याउन सक्ने सम्भावना छ \छैन | | |
| १.५ | कार्यक्रमम कार्यान्वयन स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ \छैन | | |
| १.६ | उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ \छैन | | |
| | | १५ | |
| २. | **प्राविधिक क्षमता** | | |



राज कुमार लिम्बू
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने कृयाकलापमा हाल संलग्नता छ \छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ \छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम\अनुभव प्राप्त छ \छैन | | |
| ३ | **वित्तीय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ \छैन | | |
| ३.२ | बैंङ्क मौज्दात वा हाल सञ्चालित कारोबारको बचत छ \छैन | | |
| ३.३ | आवश्यक रकम वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ\छैन | | |
| ४ | **वातावरणीय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ \छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ \छैन | | |
| ५ | **अन्य पक्षहरु** | २० | |
| ५.१ | संस्थागत\व्यावसायिक कृयाशिलता सन्तोषजनक छ \छैन | | |
| ५.२ | दर्ता\नवीकरण\करचुक्ता\अडिट आदि अद्यावधिक छ \छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ \छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ \छैन | | |
| ६ | **स्थलगत प्रमाणीकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदकसँग लागत साझेदारी गर्नु उपयुक्त छ \छैन | | |
| | जम्मा | १०० | |

नोटः माथि उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणीकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क र नकारात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्ने ।

ग) आवेदकसँग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.सं | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणीकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

ङ) स्थलगत प्रमाणीकरण टोलीको राय
स्थलगत प्रमाणीकरणमा भेटिएका तथ्यहरुका आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ\ हुँदैन भनी राय पेश गर्ने ।

| क्र.सं | नाम | हुन्छ\हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-७

### (नियम ४ को उपनियम ४ सँग सम्बन्धित)

### अनुदानबाट सञ्चालन गरिने कार्यक्रमको द्विपक्षीय सम्झौता पत्र

चौबिसे गाउँपालिका को आ.व.०.......।.......को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीका लागि नगर खेती अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि मिति ............ गते............ प्रथम पटक प्रकाशित वडा नं को सूचना तथा प.स.०......... च.नं. मितिः २०.... \ ..... \ को पत्र तथा यस पालिकाको मिति २०..... \..... \ को निर्णय मुताविक कार्यालयले निर्णयबाट श्री..............................को प्रस्ताव छनौट भएको हुँदा ...........................(यस पछि प्रथम पक्ष भनिने) र श्री ........................................ (यसपछि दोश्रो पक्ष भनिने) का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मन्जुर भै यो द्विपक्षीय सम्झौता गरिदिंयौं \ लियौं ।

तपशिल

**क**.प्रथम पक्षले तरकारी उत्पादन र उत्पादकत्व गर्ने तथा कृषक परिवारको आयस्तरमा सुधार पुर्याउने कार्यक्रमका लागि विनियोजित रु.................................।मध्ये रु................................कट्टा गरी दोश्रो पक्षलाई रु.......................(अक्षरेपी...........................................) बराबरको आर्थिक अनुदान बैंक खाता मार्फत् प्रदान गर्नेछ ।

ख दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी धनकुटा जिल्ला चौबिसे गाउँपालकि ................ नं वडाका ............................ भन्ने स्थानमा निर्धारित समयभित्रै सम्पन्न गर्नेछ. ।

ग दोश्रो पक्षले प्रथम पक्षसमक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारको सम्पूण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्रै सम्पन्न गर्नेछ ।

घ कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माणसम्बन्धी अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाका व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

ङ दोश्रो पक्षले शुरुमा आफना तर्फको लगानीबाट सम्पन्न भएका कामको नियमानुसारको बिल, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक वडाको सिफारिश तथा सम्बन्धित शाखाको सिफारिश अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्षसमक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे पश्चात दोश्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

च प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएका हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

छ दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको, नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नेछ ।

ज कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातका सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका. लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित घटना आदि सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

चौबिसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

राज कुमार लिम्बु अध्यक्ष

झ दोस्रो पक्षले नियमित रुपमा कम्तीमा चौमासिक अवधिमा कार्यक्रमको प्रगति, उपलब्धी एवम् कारोबार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालयमार्फत् प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

ञ कार्यक्रम सञ्चालनको दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षका आपसी सहमति अनुसार हुनेछ ।

ट सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

दोस्रो पक्षको तर्फबाट

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

प्रथम पक्षको तर्फबाट

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

रोहवर

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छाप

इति सम्वत् ..............साल.................. महिना ............ गते रोज........... शुभम् ।